आज मिति २०८० फागुन ३ गतेका दिन यस मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपशिल बमोजिमका निर्णय गरियो ।

उपस्थिति :

अध्यक्ष :- श्री अर्जुन गुरुङ (अध्यक्ष म. गा.पा.) –

उपाध्यक्ष :- श्री जुना माया थापा (उपाध्यक्ष म.गा.पा.)

वडा अध्यक्ष :- श्री रुद्रमान गुरुङ(वडा अध्यक्ष म.गा.पा. १)

वडा अध्यक्ष :- श्री चेत बहादुर गुरुङ(वडा अध्यक्ष म.गा.पा. २)

वडा अध्यक्ष :- श्री दुधमान तामाङ (वडा अध्यक्ष म.गा.पा. ३)

वडा अध्यक्ष :- श्री वल वहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ४)

वडा अध्यक्ष :- श्री घनश्याम घले (वडा अध्यक्ष म.गा.पा. ५)

वडा अध्यक्ष :- श्री मीन राशी गुरुङ (वडा अध्यक्ष म.गा.पा. ६)

वडा अध्यक्ष :- श्री तिल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ७)

वडा अध्यक्ष :- श्री धनसिङ तामाङ (वडा अध्यक्ष म.गा.पा. ८)

वडा अध्यक्ष :- श्री हरिशचन्द्र थापा (वडा अध्यक्ष म.गा.पा. ९)

कार्यपालिका सदस्य :- श्री पूर्ण काशी गुरुङ

कार्यपालिका सदस्य :- श्री पूर्ण घले

कार्यपालिका सदस्य :- श्री पारकाशी गुरुङ

कार्यपालिका सदस्य :- श्री मिना कुमारी नेपाली

कार्यपालिका सदस्य :- श्री मधु माया बगाले

कार्यपालिका सदस्य :- श्री सोम बहादुर वि.क.

प्रमुख प्रशासकीय अधिकृत :- श्री गौतम पंज्ञानी

अन्य उपस्थिति :

प्रशासकीय अधिकृत :- श्री अर्जुन चपाई

मर्स्याङ्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुलभुले, लमजुङ
गण्डकी प्रदेश, नेपाल

**मिति २०८० फागुन ३ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका निर्णयहरु:**

**निर्णय नं १: अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।**

मिति २०८०/१०/०५ गतेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकले गरेका निर्णयहरू कार्यान्वयनको अवस्था बारे यस बैठकमा समिक्षा गरियो ।

**निर्णय नं. २ : राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको लागि सिफारिस सम्बन्धमा ।**

शिक्षा तथा मानव स्रोत विकस केन्द्रको पत्र संख्या २०८०।०८१ को चं.नं.११ मिति २०८०।१०।०९ को पत्रानुसार विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम (४ कोठे भवन) ,विद्यालयमा सूचना प्रविधि प्रयोगशाला ,विज्ञान प्रयोगशाला तथा पुस्तकालय स्थापनाका लागि अनुदान र प्राविधिक धारका शिक्षाको पहुँच नपुगेका स्थानीय तहका लागि प्राविधिक धारका विद्यालय विस्तार प्रस्तावहरु माग भै आएको यस गाउँपालिका भित्रका निम्न विद्यालयहरुले प्रस्ताव पेश गरेको हुँदा सो का लागि विद्यालयहरुको प्राथमिकताक्रम निर्धारण गरी शिक्षा तथा मानव स्रोत केन्द्रमा पठाउन यस गाउँपालिका गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

तपसिल:

१.विद्यालय भौतिक पूर्वाधार वियकास कार्यक्रम (४ कोठे भवन )

| क.स. | कार्यकमको नाम | प्रस्ताव माग पेश गेका विद्यालय | पेश गरेको कागजातपत्र | प्राथमिकता क्रम | कैफियत |
|---|---|---|---|---|---|
| १ | विद्यालय भौतिक पूर्वाधार वियकास कार्यक्रम (४ कोठे भवन ) | श्री जट्टेश्वर आ.वि. र श्री धर्म भक्त आ.वि. | विद्यालयको निवेदन,वि.व्य. स.को निर्णय लागत अनुमान (श्री जट्टेश्वर आ.वि. ) जग्गा धनी प्रमाण पुर्जा (श्री धर्म भक्त आ.वि.) | १. श्री जट्टेश्वर आ.वि.<br>२. श्री धर्म भक्त आ.वि. | |

२.विद्यालयमा सूचना प्रविधि प्रयोगशाला ,विज्ञान प्रयोगशाला तथा पुस्तकालय स्थापनाका लागि अनुदान

| क.स. | कार्यकमको नाम | प्रस्ताव माग पेश गेका विद्यालय | पेश गरेको कागजातपत्र | प्राथमिकता क्रम | कैफियत |
|---|---|---|---|---|---|
| १ | विद्यालयमा सूचना प्रविधि प्रयोगशाला ,विज्ञान प्रयोगशाला तथा पुस्तकालय स्थापनाका लागि अनुदान | श्री सरस्वती सदन आ.वि. र श्री अरण्यज्योती आ.वि. | विद्यालयको निवेदन,वि.व्य. स.को निर्णय | १. श्री सरस्वती सदन आ.वि.<br>२.श्री अरण्यज्योती आ.वि. | |

३. प्राविधिक धारका शिक्षाको पहुँच नपुगेका स्थानीय तहका लागि प्राविधिक धारका विद्यालय विस्तार

| क.स. | कार्यकमको नाम | प्रस्ताव माग पेश गेका विद्यालय | पेश गरेको कागजातपत्र | प्राथमिकता क्रम | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्राविधिक धारका शिक्षाको पहुँच नपुगेका स्थानीय तहका लागि प्राविधिक धारका विद्यालय विस्तार | श्री अमर मा.वि. | विद्यालयको निवेदन, वि.व्य.स.को निर्णय | १. श्री अमर मा.वि. | सिभिल इन्जिनियरिङ |

अर्जुन गुरुङ
अध्यक्ष

**निर्णय नं. ३ : स्वास्थ्य चौकी निर्माणको जग्गा व्यवस्थापन सम्बन्धमा ।**

स्थानीय तहमा आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा संञ्चालन सम्वन्धी कार्यविधि, २०७५ बमोजिम ताघ्रिङ स्वास्थ्य चौकी र वाहुनडाडाँ स्वास्थ्य चौकी भवन निर्माणका लागि यो आ.व. मा स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अन्तरगत प्रत्येक स्वास्थ्य चौकी भवनको लागि वजेट विनियोजित भएकोमा वडा नं ४ को आफ्नै नाममा जग्गा भएको तर वडा नं ६ को वाहुनडाँडा स्वास्थ्य चौकी निर्माणको लागि आफ्नै जग्गा नभएकोले वडा समिति, स्वास्थ्य समिती, विपद व्यवस्थापन समिति र सर्वदलीय बैठक सवैबाट हाल भएको स्वास्थ्य चौकीको पश्चिम तर्फ जोडिएको जग्गालाई नै प्रयोग गर्न मिल्ने गरी सर्वसम्मत सहमती रहेको निर्णय पेश गरेकाले उक्त स्थानमा नै निर्माण कार्य अगाडि वढाउन यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं. ४ : स्वास्थ्य चौकी निर्माणको सम्बन्धमा ।**

भौगोलिक अवस्थाले दुर दराजका नागरिकलाई निरन्तर र छिटो छरितो स्वास्थ्य सेवा उपलब्ध गराउने उध्देश्यले स्थानीय तहमा आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा संञ्चालन सम्वन्धी कार्यविधि, २०७५ बमोजिम यस मर्स्याङदी गाउँपालिका वडा नं ४ र ६ मा आधारभुत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने प्रावधानको कार्यान्वयनका लागि दुवै वडामा क्रमश ताघ्रिङ स्वास्थ्य चौकी र वाहुनडाडाँ स्वास्थ्य चौकी भवन निर्माणका लागि यो आ.व. मा स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अन्तरगत स्वास्थ्य चौकी भवनको लागि प्रति स्वास्थ्य चौकी रु ३८,८६,०००.०० (अक्षरुपीः अडतिस लाख छयासी हजार रुपैया मात्र) का दरले विनियोजित भएको तर उक्त वडामा स्वास्थ्य सेवा स्तरोन्नति अत्यावश्यक रहेको र उक्त रकमले भवन पुरा हुन नसक्ने भएकाले प्राविधिक स्टिमेटका आधारमा प्रत्येक स्वास्थ्य चौकी भवनको लागि बढीमा रु एक/एक करोड रुपैया हुने गरी यो आ.व. मा ठेक्का लगाई काम सुरु गर्ने साथै स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अन्तरगतको यस आ.व.को बजेटले यो आ.व. को अन्तिमसम्म निर्माण कार्य सम्पन्न गर्ने साथै आ.व. २०८१/८२ मा सम्झौता बमोजिम बाँकी अपुग बजेट विनियोजन गर्न मन्त्रालयमा थप अपुग बजेटको निरन्तरताको लागि माग गरी पठाउने साथै मन्त्रालयबाट बाँकी बजेट प्राप्त हुन नसकेमा गाउँपालिकाले नै उक्त बाँकी बजेट आउने आ.व.मा बिनियोजन गर्ने गरि उक्त निर्माण कार्य अगाडि बढाउन यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं. ५ : खुदी-सिउरुङ-स्यागें सडकको निर्माण कार्य सम्बन्धमा।**

यस मर्स्याङदी गाउँपालिका र Shankarapur Indrayani Construction Pvt. Ltd, Shankharapur Municipality-०९, Kathmandu विच ठेक्का नं-०४/MRM/ROAD/NCB/२०८०-८१ (Upgrading of Khudi-Sirung-Syange-Road Lamjung) को सम्झौता भई निर्माण कार्य गर्ने क्रममा हालसम्म ग्याविन र टेवा पर्खाल लगाउने काम सकिएको र नयाँ ट्र्याकको कार्य गर्ने क्रममा बाटोको धेरै ग्रेड भएको र तलबाट माथितर्फ जानुपर्ने भएकाले काम गर्न अफ्ट्यारो भई निर्माण कार्यमा असहज तथा ढिला हुने जानकारी सहितको निवेदन पेश गरेकाले सो सम्बन्धमा जाँचबुझ र छलफल गर्दा सुरुको स्थान र अन्तिम स्थानमा फरक नपर्ने गरी स्यागे तर्फबाट ट्र्याक खोल्नको लागि स्वीकृती दिने यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

अञ्जु गुरुङ
अध्यक्ष

**निर्णय नं. ६ : जगत तातोपानी कुण्ड निर्माण सम्वन्धमा।**

यस मर्स्याङदी गाउँपालिकाको वडा नं ४ मा अवस्थित जगत तातोपानी कुण्ड पर्यटक तथा स्थानीयहरुको लागी मनोरञ्जन र प्राकृतिक उपचारको दृष्टिकोणले समेत लागि आकर्षक स्थल बन्दै गएकोले उक्त तातोपानी कुण्डहरुमा बाह्य र आन्तरिक पर्यटकको भीड बढ्दै गएपछि कुण्डहरुलाई व्यवस्थित बनाइने लक्ष्य लिई पूर्बाधार निर्माणका लागी संघ सरकारबाट विनियोजन भएको रकम रु ६,००,०००.०० र थप स्तरोन्नति गर्नका लागी यसै गाउँपालिकाको पर्यटन प्रवर्द्धन कार्यक्रम अन्तर्गत विनियोजित बजेटवाट रु १४,००,०००.०० गरी जम्मा रु २०,००,०००.०० र १०% जनश्रमदान गरी २२,००,०००.०० बराबरको स्टिमेट तयार गरि उक्त योजना निर्माण गर्नका लागि रु १४,००,०००.०० विनियोजन गर्ने यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं. ७ : साइन / होर्डिङ बोर्डहरुको व्यवस्थापन सम्बन्धमा।**

आन्तरिक तथा बाह्य पर्यटकहरुलाई यस गाउँपालिकाको विभिन्न पर्यटकिय गन्तव्यहरु बारे जानकारी उपलब्ध गराउन, पदमार्गहरुबारे सूचना उपलब्ध गराउन विभिन्न स्थानहरुमा आवश्यक साईनबोर्डहरु र होर्डिङ बोर्डहरुको व्यवस्थापन गर्नका लागि पर्यटन प्रवर्द्धन कार्यक्रम अन्तर्गत विनियोजित बजेट शिर्षकबाट रु. ३,००,०००।- विनियोजन गर्ने यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं. ८ : खुदी मोटरेवल पुलमा जाली राख्ने सम्बन्धमा।**

खुदी खोलामा रहेको मोटरेवल पुलको दायाँ वायाँ तर्फको बार खुल्ला रहेको र कुनै पनि बेला मानवीय क्षति हुन सक्ने सम्भावना रहेकोले त्यसमा ग्याविनको जाली लगाई सुरक्षित बनाउन विपद् व्यवस्थापन कोषबाट रु.७०,०००।- (रु.सत्तरी हजार) विनियोजन गर्ने यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं. ९ : श्री धनेश्वर प्रा.वि.को घेरावार सम्बन्धमा।**

श्री धनेश्वर प्रा.वि., मर्स्याङ्दी -३ को खेलमैदान सहितको पर्खाल पहिरो गइ वालवालिकाहरु खेल्नको लागि असुरक्षित भएको साथै थप घेरावार र मर्मत सम्भार गर्नको लागि विपद् व्यवस्थापन कोषबाट रु. ५०,०००।- (अक्षरुपी पचास् हजार मात्र) विनियोजन गर्न यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

अर्जुन गुरुङ
अध्यक्ष

**निर्णय नं. १० : आर्थिक सहयोग सम्वन्धमा :**

१) मर्स्याङ्दी गाउँपालिकाको स्वीकृत वार्षिक वजेट कार्यक्रमको विविध कार्यक्रम खर्च (२२५२९) अन्तर्गतको सि.न.१ मा उल्लेखित विभिन्न धार्मिक, सांस्कृतिक, साहित्यिक, महोत्सव, दिवस गोष्ठी सम्वन्धी विनियोजित वजेट खर्च शिर्षकबाट तपसिल बमोजिम आर्थिक सहयोग गर्ने यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

- श्री अमर मा.वि., मर्स्याङ्दी -३ अमर स्मारिका प्रकाशन तथा सूचना प्रकाशन रु.१,००,०००।- (रु.एक लाख)
- श्री सरस्वाति सदन आधारभूत विद्यालय, मर्स्याङ्दी -९, स्वर्ण महोत्सव कार्यक्रम रु.७५,०००।- (अक्षरुपी पचहत्तर हजार मात्र)
- श्री अरण्य ज्योति आधारभूत विद्यालय, मर्स्याङ्दी -९, स्वर्ण महोत्सव कार्यक्रम रु.७५,०००।- (अक्षरुपी पचहत्तर हजार मात्र)
- श्री धर्म भक्त आधारभूत विद्यालय, मर्स्याङ्दी -८, स्वर्ण महोत्सव कार्यक्रम रु.७५,०००।- (अक्षरुपी पचहत्तर हजार मात्र)
- तमु ह्युल छोँज धी गुरुङ राष्ट्रिय परिषद, बेसिशहर ईकाई रु. ५०,०००।- (अक्षरुपी पचास हजार मात्र)
- मदन भण्डारी स्पोर्टस एकेडेमी, काठमाण्डौ रु. २५,०००।- (अक्षरुपी पच्चिस हजार मात्र)

२) मर्स्याङ्दी गाउँपालिकाको स्वीकृत वार्षिक वजेट कार्यक्रमको विविध कार्यक्रम खर्च (२२५२९) अन्तर्गतको सि.न. ५ मा उल्लेखित विपद् व्यवस्थापन कोष सम्बन्धी विनियोजित वजेट खर्च शिर्षकबाट तपसिल बमोजिम आर्थिक सहयोग गर्ने यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

- मन बहादुर गुरुङ, मर्स्याङ्दी -१, रु. २५,०००।- (अक्षरुपी पच्चिस हजार) पहिंरोले घर क्षति पुऱ्याएको ।
- चित्र बहादुर गुरुङ, मर्स्याङ्दी -१, रु. २५,०००।- ( अक्षरुपी पच्चिस हजार) पहिरोले घर क्षति पुऱ्याएको ।
- भिम बहादुर गुरुङ, मर्स्याङ्दी -१, रु. १०,०००।- ( अक्षरुपी दश हजार) पहिरोले घर क्षति पुऱ्याएको ।
- भिम बहादुर गुरुङ, मर्स्याङ्दी -२, रु. २५,०००।- ( अक्षरुपी पच्चिस हजार) घर आगलागि भएको
- राजेन्द्र श्रेष्ठ, मर्स्याङ्दी - ४ रु. १,००,०००।- (आगलागिबाट घर पूर्ण रुपमा क्षति भएकोले र श्रीमतिको आगलागिमा परि मृत्यु भएकोले दुवै तर्फ गरी अक्षरुपी एक लाख मात्र)

३) मर्स्याङ्दी गाउँपालिकाको स्वीकृत वार्षिक वजेट कार्यक्रमको विविध कार्यक्रम खर्च (२२५२९) अन्तर्गतको सि.न.२ मा उल्लेखित असक्त असहाय, विपन्न सहायता कोष सम्बन्धी विनियोजित वजेट खर्च शिर्षकबाट तपसिल बमोजिम आर्थिक सहयोग गर्ने यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

- टेक बहादुर तामाङ, मर्स्याङ्दी -८ रु. २०,०००।- (अक्षरुपी बिस हजार मात्र)